**निर्णयहरुः-**

**निर्णय नं. १** संघीय खानेपानी तथा ढल व्यवस्थापन धनगढी कैलालीले यस आ.व. २०८१/०८२ मा संचालन हुने गरी ठूलीगाड सहजपुर खानेपानी आयोजना चुरे -३ र ठुलीगाड सहजपुर खानेपानी आयोजना चुरे-४ भनी बजेट विनियोजन गरेकोमा वडा नं. ४ मा ठूलीगाड र सहजपुर नपर्ने भएको हुँदा र ठुलीगाड सहजपुर खानेपानी आयोजना -४ को सट्टा वडा नं. -३ मा निर्माण हुन भनेको ठुलीगाड सहजपुर -३ खानेपानी आयोजनामा उक्त दुबै योजनाको लागि विनियोजित लगानी गरी सहजपुर लिफ्टिङ खानेपानी आयोजनाको निर्माण तथा विस्तारको लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना धनगढी कैलालीलाई लेखी पठाउने।

**निर्णय नं. २** कामक्षा नेपालले बिभिन्न स्थानीय तहको जनप्रतिनिधि तथा महत्वपूर्ण व्यक्तित्वहरुको सम्पर्क नं. सहितको स्मारिका प्रकाशन गरी गाउँपालिका पठाएको सहयोग स्वरुप उक्त पुस्तकहरुको भुक्तानीको लागि बिल समेत पठाएकोमा निज कामक्षा नेपाललाई रु. ३००००।०० (अक्षेरुपी तीस हजार मात्र) भुक्तानी दिने।

**निर्णय नं. ३** नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ती मन्त्रालय सिंहदरवार काठमाण्डौको आ.व.२०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अन्तर सरकारू बित्तीय हस्तान्त्रण अन्तर्गत कार्यान्वयन हुने चुरे गाउँपालिका वडा नं ६ को बगैचुलामा निर्माण हुने मेघा फुड पार्क निर्माणका लागि सम्पूर्ण कार्य प्रक्रिया अगाडी बढाउनको लागि ईजाजत दिने।

**निर्णय नं. ४** नेपाल सरकार संघीय विशेष अनुदान तर्फको बजेट अन्तर्गत चुरे गा.पा. -५ "खानीडाँडा कैलाली बर्थिङ सेन्टर" निर्माण गर्नको सुदुरपश्चिम प्रदेश जिल्ला स्वास्थ्य कार्यालय कैलालीबाट सो भवन निर्माण गर्नको लागि जग्गाको लालपुर्जा माग भई आएकोमा खानीडाँडा बर्थिङ सेन्टर हाल खानीडाँडा आधारभुत स्वास्थ्य संस्थामा संचालन भई रहेको र सो स्वास्थ्यसंस्था सँग पनि जग्गा धनी प्रमाणपूर्जा नरहेको र हाल आएर भुमी समस्या समाधान आयोगबाट हाल उक्त खानीडाँडा आधारभुत स्वास्थ्य संस्थाको नाममा जग्गा नाँपजाँच गरी सकेको सो सोही स्थानमा खानीडाँडा कैलाली बर्थिङ सेन्टर" निर्माण गर्न उपयुक्त हुने भनि स्वास्थ्य इकाई संचालन तथा व्यवस्थापन समिति र स्थानीय बुद्धिजिवि तथा समाजसेवीको भेलाले निर्णय गरी पठाएको हुँदा सोही स्थानमा उक्त भवन निर्नमाणको लागि सिफारिस/ पहल गर्ने।

**निर्णय नं. ५** ब्याकहोलोडर सहचालक दिपक बुढामगर गाउँपालिकाको नयाँ (जे.सि.वी.) मेसिन खरिद पश्चात पटष १ गते देखी गाउँपालिकाको पुरानो मेसिन चलाईरहेको हुँदा निज बुढालाई कार्यालयको आवश्यकता अनुसार कैलाली जिल्लाको जिल्ला दररेट अनुसार हेभी सवारी चालकले पाउने दैनिक ज्यालादारीमा पारश्रमिकको कानुनी व्यवस्था अनुसार पौष १ गते देखी नै लागु हुने गरी हेभि सवारी चालकको दैनिक ज्यालाबाट हुन आउने रकम पारश्रमिक भुक्तानी दिने।

Scanned with CamScanner

**निर्णय नं. ६** आ.व. २०८१/०८२ को बार्षिक बजेट अन्तर्गत वडा नं. ५ ले सडक सरसफाई गर्न भनि बजेट विनियोजन गरेकोमा हाल आएर वडा नं. ५ ले गाउँपालिकाको जे.सि.वी.मा डिजेल हालेर बाटो सरसफाईको कार्य गरेकोमा उक्त बाटो सरसफाई गर्दा लागेको डिजेलको बिल भुक्तानी उक्त वडा नं. ५को बाटो सरसफाई शिर्षकबाट दिने।

**निर्णय नं. ७** भुमी समस्या समाधान आयोगको कार्यलाई अगाडी बढाउन भुमीहिन दलित, भुमीहिन सुकुम्बासी, र अव्यस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०८१ को दफा- ३ बमोजिम भुमीहिन दलित, भुमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाँप नक्शा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न तपसिल बमोजिमको गाउँपालिका स्तरीय भुमी समस्या सहजिकरण समिति गठन गर्ने।

तपसिलः

| सि.नं. | नाम/थर | पद |
|---|---|---|
| १ | श्री चक्र बहादुर बोगटी रजवार | संयोजक (पदेन) |
| २ | श्री धना देवी थापा | उपसंयोजक (पदेन) |
| ३ | श्री हेम बहादुर शाह (पार्टी प्रतिनिधि नेपाली काँग्रेस) | सदस्य |
| ४ | श्री दान बहादुर महरा (पार्टी प्रतिनिधि ने.क.पा. एमाले) | सदस्य |
| ५ | श्री पुस्कर आचार्य (पार्टी प्रतिनिधि ने.क.पा. माओबादी केन्द्र) | सदस्य |
| ६ | श्री सुनिल बोहरा ( पार्टी प्रितिनिधि राष्ट्रिय स्वतन्त्र पार्टी) | सदस्य |
| ७ | श्री योगेन्द्र बहादुर शाही ( पार्टी प्रतिनिधि राष्ट्रिय प्रजातन्त्र पार्टी) | सदस्य |
| ८ | श्री एकम बहादुर कामी | सदस्य |
| ९ | श्री पुष्पा बरै मगर | सदस्य |
| १० | श्री.... | |
| ११ | श्री.... | |
| १२ | श्री.... | |
| १३ | श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**निर्णय नं. ८** आ.व. २०८१/०८२ को बार्षिक बजेट अन्तर्गत सुदूरपश्चिम प्रदेश सरकारको शसर्त अनुदानबाट संचालन हुने **बेलघारी सिचाई योजना चुरे-३ कैलाली** भनि बजेट विनियोजन भएकोमा हाल कार्यान्वयनको कार्य प्रक्रिया अगाडी बढाउदा उक्त बेलघारी भन्ने स्थान चुरे ३ मा नरहेको र उक्त स्थान वडा नं. ६ मा रहन आएको बुझिन आएको हुँदा उक्त योजना वडा नं. ६ मा कार्यान्वयन गर्ने र सोही अनुसार संसोधन गर्नका लागि सुदूरपश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयमा लेखि पठाउने ।

**निर्णय नं. ९** आफ्नो आर्थिक अवस्था कमजोर रहेको तथा कार्यक्रम आयोजना गर्नको लागि व्यक्ति तथा संस्थाले आर्थिक सहायता माग गरेकोमा चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ (ग) बमोजिम देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने।

Scanned with CamScanner

| सि.नं. | नाम/थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पबित्रा लामिछाने मगर | वडा नं. -४ | रु.२०,०००।०० | |
| २ | माता देवी बोहरा | चुरे-५ | रु. २०,०००।०० | |
| ३ | प्रभात मेडिया एण्ड ईभेन्ट प्रा.लि. | धनगढी | रु. २५,०००।०० | |

**निर्णय नं. १०** चुरे गाउँपालिका वडा नं. ३ निवासी श्री प्रमिला कुमारी बोहराले घर निर्माणको लागि घर नक्शाको लागि अनुमति माग गरेकोमा चुरे गाउँपालिकाको भवन संहिता २०७९ अनुसार घर नक्शाको इजाजत प्रदान गर्ने ।

**निर्णय नं. ११** यस चुरे गाउँपालिकाको आर्थिक प्रसासन शाखामा कार्यरत कर्मचारी, प्रशासन सेवा, लेखा समुह, सहायकस्तर चौथो श्री झुना पौडेल क.स.न. २४३४२४, बेतलवी अध्ययन विदामा बसी जनप्रशासन विषयमा स्नातकोत्तर अध्ययन गर्न ईच्छुक भएको हुदा निजलाई सो विषयको प्रवेश परीक्षा उत्तिरण गरी भर्ना समेत गरिसकेको हुँदा निजामति सेवा ऐन, २०४९ को परिच्छेद १० को दफा ७१ (च) र निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (५) बमोजिम बेतलवी अध्ययन विदामा जाने गरी निजको बेतलवी अध्ययन विदा ( मिति २०८२ बैशाख २ गते देखी २०८३ चैत्र मसान्त सम्म) स्वीकृतीको लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गर्ने ।

**निर्णय नं. १२** गाउँपालिकाको सेवा प्रबाहलाई सहज सरल तथा प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने तपसिल बमोजिमका कानुनहरु श्री हुनैनाथ कन्सल्टिङ प्रा.लि. परामर्शमा निर्माण भएका तपसिल बमोजिमका कार्यविधि तथा नियमावली स्वीकृत गर्ने ।

| सि.नं | स्वीकृत कानुनहरुः |
|---|---|
| १ | खेलकुद प्रशिक्षक कार्यविधि, २०८१ |
| २ | कार्य संचालन कार्यबिधि, २०८१ |
| ३ | शिक्षा नियमावली, २०८१ |
| ४ | प्राबिधिक कर्मचारीलाई फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ |
| ५ | स्थानीय सडकमा यातायात संचालन तथा भाडा निर्धारण कार्यविधि, २०८१ |
| ६ | अटो रिक्शा/ तीन पाङ्ग्रे सवारी साधन दर्ता तथा संचालन कार्यविधि, २०८१ |
| ७ | सामाजिक विकास समिति कार्यसंचालन निर्देशिका, २०८१ |
| ८ | गर्भवती तथा सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८१ |
| ९ | विषयगत समिति बैठक संचालन सम्बन्धी कार्यविधि, २०८१ |
| १० | चुरे गाउँपालिकाको छात्रवृती वितरण सम्बन्धी कार्यविधि, २०८१ |
| ११ | लेखा समिति बैठक संचालन कार्यविधि, २०८१ |
| १२ | कन्टेनजेन्सी संचालन सम्बन्धी कार्यविधि, २०८१ |
| १३ | चुरे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७७, प्रथम संसोधन २०८१ |

Scanned with CamScanner

**निर्णय नं. १३** डडेल्धुरा जिल्लामा संचालन हुन गईरहेको महिला भलिवल प्रतियोगितामा यस चुरे गाउँपालिकाको खेलकुद टिम पनि भागलिन गईरहेको हुँदा उक्त टिमको व्यवस्थापनको लागि चुरे गाउँपालिकाको आ.व. २०८१/०८२ को कार्यक्रम खर्चबाट भुक्तनी हुने गरी रु. २५,०००।– सहयोग गर्ने।

**निर्णय नं. १४** चुरे गाउँपालिकामा स्थापना भई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेका तपसिल बमोजिमका आधारभुत स्वास्थ्य सेवा केन्द्रको स्वीकृत दरवन्दी भित्रको तलव भत्ता नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सँग माग गर्ने।

| सि.नं. | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ठेगाना |
|---|---|---|
| १ | गर्भा आधारभुत स्वास्थ्य सेवा केन्द्र | चुरे -४ गर्भा दरवार |
| २ | खानीडाँडा आधारभुत स्वास्थ्य सेवा केन्द्र | चुरे -५ खानीडाँडा |
| ३ | शान्तीनगर आधारभुत स्वास्थ्य सेवा केन्द्र | चुरे-६ शान्तीनगर |

Scanned with CamScanner